बैठक नं.

आज मिति २०८१ साल श्रावण महिनाको २४ गते विहिवारका दिन विहान ११.०० बजे यस अन्नपूर्ण गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक यस गाउँपालिकाका अध्यक्ष श्री विष्णु वहादुर के.सी. ज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा बसी तपसिल बमोजिमको निर्णय गरियो ।

| क्र.सं. | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | विष्णु बहादुर के.सी. | अध्यक्ष | |
| २ | चन्द्रकला अधिकारी | उपाध्यक्ष | |
| ३ | विष्णु प्रसाद पोखरेल | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | तुलसी प्रसाद अधिकारी | वडा अध्यक्ष वडा नं. १ | |
| ५ | पिताम्बर भण्डारी | वडा अध्यक्ष वडा नं. २ | |
| ६ | फणीन्द्र प्रसाद पौडेल | वडा अध्यक्ष वडा नं. ३ | |
| ७ | आइन्दल गुरुङ | वडा अध्यक्ष वडा नं. ४ | |
| ८ | जिवनाथ पौडेल | वडा अध्यक्ष वडा नं. ५ | |
| ९ | एकदेव देवकोटा | वडा अध्यक्ष वडा नं. ६ | |
| १० | भरत मान गुरुङ | वडा अध्यक्ष वडा नं. ७ | |
| ११ | विजय गुरुङ | वडा अध्यक्ष वडा नं. ८ | |
| १२ | रमेश गुरुङ | वडा अध्यक्ष वडा नं. ९ | |
| १३ | गौतम गुरुङ | वडा अध्यक्ष वडा नं. १० | |
| १४ | राम गुरुङ | का.वा. वडा अध्यक्ष वडा नं. ११ | |
| १५ | पुष्पा पुन | कार्यपालिका सदस्य | |
| १६ | नारायणी परियार | कार्यपालिका सदस्य | |
| १७ | पार्वती पौडेल | कार्यपालिका सदस्य | |
| १८ | सिमा क्षेत्री | कार्यपालिका सदस्य | |
| १९ | चतुर्मान विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २० | भुपाल घर्ती | कार्यपालिका सदस्य | |

अन्य उपस्थितिः

| क्र.स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | ठाकुर प्रसाद अधिकारी | अधिकृत | |

# मिति २०८१।०४।२४ को कार्यपालिका बैठकको प्रस्तावहरु

१) अघिल्लो कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वियनको समिक्षा सम्वन्धम

२) नव प्रवर्तन सम्वन्धमा

३) चारपाग्रे सवारी साधन सम्वन्धमा

४) कार्यविधि स्विकृत / सैद्धान्तिक स्विकृती सम्वन्धमा

५) नागरिक सहायता कक्ष निर्माण सम्वन्धमा

६) बाषिक प्रगति समिक्षा सम्वन्धमा

७) दररेट स्विकृत सम्वन्धमा

८) कन्टेन्जेन्सी रकम सम्वन्धमा ।

९) सडक सररफाई मापदण्ड स्विकृत सम्वन्धमा

१०) पुराना योजना समावेश र भुक्तानी सम्वन्धमा

११) करार सेवामा कर्मचारी विज्ञापन सम्वन्धमा

१२) पालिका राष्ट्रिय गान सम्वन्धमा

१३) स्वास्थ्य ल्याव सेवाको शुल्क निर्धारण सम्वन्धमा

१४) धरौटी रकम जफत सम्वन्धमा

१५) अन्तराष्ट्रिय आदिवासी दिवस सम्वन्धमा ।

१६) कार्य सम्पादन सम्झौता पत्र सम्वन्धमा ।

१७) वडा नं २ विभिन्न समस्या सम्वन्धमा

# मिति २०८१।०४।२४ को कार्यपालिका बैठकको निर्णयहरु

१) अघिल्लो कार्यपालिका बैठकको समिक्षा साथै यस अवधिमा भएका कार्यक्रमका साथै सेवा प्रवाहका विषयमा छलफल गर्नुका साथै प्राप्त सुझावहरुलाई कार्यान्वयन गर्ने ।

२. नवप्रवर्तन कार्यक्रम सम्वन्धमा

प्रस्ताव नं.१ मा छलफल गर्दा मुख्यमन्त्री तथा मन्त्रीपरिषद कार्यालय गण्डकी प्रदेशको मिति २०८१ श्रावण १३ गते प्रकाशित सुचना अनुसार नवप्रवर्द्धन साझेदारी कार्यक्रमका लागि कार्यक्रम प्रस्ताव माग भै आएकोले गाँउपालिकाको तार्फवाट वेहोर्नु पर्ने साझेदारी रकम वेहोर्ने प्रतिवद्धता सहित कोदो खेती प्रवर्द्धन तथा परिकार विविधिकरण को प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

## ३. चारपाग्रे सवारी साधन सम्वन्धमा

प्रस्ताव नं.३ उपर छलफल गर्दा कार्यालयका प्रयोजनका लागि सवारी साधन खरिद शिर्षकमा रु ६५ लाख बजेत विनियोजन ,भएकाले उक्त शिर्षकबाट २ वटा चार पाग्रे सवारी साधन e-biding खरिद प्रकिया मार्फत खरिद गर्ने निर्णय गरियो ।

## ४.. कार्यविधि स्विकृत / सैद्धान्तिक स्विकृती सम्वन्धमा

प्रस्ताव नं.४ उपर छलफल गर्दा तपसिल बमोजिमका कार्यविधि पास गर्ने साथै कार्यविधि तयार का लागि सैद्धान्तिक स्विकृती दिने निर्णय गरियो ।

**स्विकृत**

| क.स. | कार्यविधि नाम | लागु मिति |
|---|---|---|
| १. | अन्नपुर्ण गाउँपालिका करारमा जनशक्ति व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधि २०८१ | २०८१।०४।२४ |
| २ | शिक्षक तथा विद्यालय कर्मचारी नियुक्ति सम्वन्धी २०८१ | २०८१।०४।२४ |
| ३ | कृषि उपज संकलन तथा विक्री केन्द्र सञ्चालन एवम् व्यवस्थापन कार्यविधि २०८१ | २०८१।०४।२४ |

**सैद्धान्तिक स्विकृती**

| क.स. | कार्यविधि नाम | कैफियत |
|---|---|---|
| १. | कृषक सञ्जाल गठन तथा परिचालन कार्यविधि २०८१ | |
| २ | स्थानिय पकेट सञ्चालन कार्यविधि २०८१ | |
| ३ | बाझो जग्गा उपयोग तथा अनुदान कार्यविधि २०८१ | |
| ४ | व्यवसाय दर्ता कार्यविधी २०८१ | |
| ५ | कार्यस्थलमा हुने यौन दुव्यवहार सम्वन्धी आचारसंहिता २०८१ | |
| ६ | सेवा प्रवाह मापदण्ड २०८१ | |
| ७ | सम्मान तथा पुरस्कार वितरण सम्वन्धी कार्यविधी २०८१ | |

CamScanner

| | | |
|---|---|---|
| ८ | जिन्सी सामाग्री लिलाम सम्वन्धी कार्यविधी २०८१ | |
| ९ | कोशेली घर सञ्चालन कार्यविधि २०८१ | |
| १० | स्थानीय भवन संहिता २०८१ | |
| ११ | स्थानीय तहमा विषय समिति (कार्यसञ्चालन) कार्यविधि, २०८१ | |
| १२ | जनप्रतिनिधिहरुको आचारसंहिता २०८१ | |
| १३ | जलस्रोत उपयोग तथा व्यवस्थापन सम्वन्धी कार्यविधि २०८१ | |
| १४ | गाउँकार्यपालिकाको बैठक संचालन सम्बन्धी कार्यविधि, २०८१ | |
| १५. | स्थानीय बाल अधिकार समिति सञ्चालन कार्यविधि २०८१ | |

१६. लक्षित वर्गको कार्यक्रम सञ्चालन कार्यविधि २०८१

**५. नागरिक सहायता कक्ष निर्माण सम्वन्धमा**

प्रस्ताव नं.५ मा छलफल गर्दा सेवा सहज तथा छिटो, छरितो रुपमा पाउने अवस्था सुनिश्चितता का लागि सेवाग्राहिहरुलाई आवश्यक सहजीकरण गर्न पालिका को राजश्व शाखा नजिकको खुल्ला स्थानमा नागरिक सहायकता कक्ष निर्माण गर्ने निर्णय गरियो ।

**६) बाषिक प्रगति समिक्षा सम्वन्धमा**

प्रस्ताव नं.६ मा छलफल गर्दा आ.व. २०८१।०८१ पालिकाका शाखागत रुपमा सम्पादन भएका कार्यहरु प्रगति समिक्षा पालिका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्षहरु साथै सम्पुर्ण कार्यपालिका सदस्यहरु सहित सवै शाखा प्रमुख को उपस्थितीमा मिति २०८१ साल श्रावण ३१ गते विहिवारका दिन गर्ने निर्णय गरियो ।

**७) दररेट स्विकृत सम्वन्धमा**

प्रस्ताव नं.७ मा छलफल गर्दा संघिय सरकार प्रदेश सरकार र प्राप्त हुने समानीकरण अनुदान र राजश्व वाडफाँडको रकम तोकीए बमोजिम प्राप्त हुन नसक्ने अवस्था रहेको साथै पालिका को पनि अनुमानित राजश्व प्राप्त हुन नसक्ने अवस्था रहेकोले ति अनुदान र राजश्व शिर्षकबाट योजना, कार्यक्रमहरु समावेश गरी कार्य सम्पन्न भएकोले तर स्रोत अभावका कारण रकम भुक्तानी गर्न कठिनाई भएको हुदा हाल जुन शिर्षकमा रकम छ । सोही स्रोत बाट रकम भुक्तानी गर्ने र पछि शिर्षक समायोजन गर्ने निर्णय गरियो ।

८) कन्टेन्जेन्सी रकम सम्वन्धमा ।

प्रस्ताव नं. ८ मा छलफल गर्दा आ.व.२०८१।०८२ मा अन्नपुर्ण गाउँपालिकामा सञ्चालन हुने योजनाहरुको भुक्तानी गर्दा ३ प्रतिशत कन्टिन्जेन्सी रकम कट्टा गर्ने निर्णय गरियो ।

९) सडक सररफाई मापदण्ड स्विकृत सम्वन्धमा

प्रस्ताव नं. ९ मा छलफल गर्दा मनसुनजन्य विपदबाट सृजित भएका भएका विपदको व्यवस्थापन तथा बर्षादबाट क्षती भएका विग्रेका र भत्केका सडकहरुलाई सरसफाई गर्नका लागि तयार भएको मापदण्ड स्विकृत गर्ने निर्णय गरियो ।

**विपद् व्यवस्थापन कार्यका लागि आवश्यक उपकरण भाडामा लिने सम्बन्धी मापदण्ड**

मनसूनजन्य विपदका कारण हुन सक्ने सम्भावित क्षति कम गरी विपद् व्यवस्थापन (सडक संचालन तथा बस्ती संरक्षण) को कार्य गर्न तपसिलका शर्तहरूको अधिनमा रही हुनेगरी तपसिलको स्पेशिफिकेशन अनुसारका देहायका उपकरणहरु भाडामा (सम्पूर्ण ब्यबस्थापन सहित) आवश्यक परेकोले उपकरण तपसिल बमोजिमको नियममा रही भाडामा लिन छ।

तपसिलः

१. सम्झौता पश्चात निर्माण व्यवसायीले कबोल गरेको न्यूनतम दररेटको आधारमा गाउँपालिकाले उपलब्ध गराएको फारममा सम्वन्धित वडा समितिको सिफारिस र वडा अध्यक्ष र वडा प्राबिधिक (साइट इन्चार्ज) ले प्रमाणित गरेको घण्टाको आधारमा प्रत्येक महिना बिल उपलब्ध हुने छ ।

२. प्रत्येक पटक गर्ने कार्यको गाउँपालिकाबाट लिखित कार्यादेश लिनुपर्नेछ ।

३. इच्छुक निर्माण व्यवसायीले सम्झौता भएको मिति देखि २०८१ कार्तिक ३० गतेसम्म उल्लेख गरिएका उपकरण कार्यालयले खोजेका बखत तत्काल उपलब्ध गराउन सक्ने गरी तयारी अवस्थामा राख्नु पर्ने छ ।

४. विपद् व्यवस्थापनको कार्य गाउँपालिका क्षेत्र भित्र ११ वटै वडामा तोकिएको समय र स्थानमा काम गर्नु पर्ने छ ।

५. इच्छुक निर्माण व्यवसायीले तिन थान द्यबअपजयभ भ्हअबखबतयच ९ध्जभभभिम०ू तयारी अवस्थामा राख्नुपर्नेछ ।एक थान नौडाडा आधार हुनुपर्ने छ भने ,अर्को एक थानको आधार ,नयाँपुल हुनुपर्ने छ ।उपकरण परिचालन समय गणना एक तर्फी (आधार बिन्दु बाट) मात्र गणना हुने छ ।

६. दररेट पेश गर्न चाहने निर्माण व्यवसायीसँग कम्तिमा एकवटा Backhoe Excavator (Wheeled) आफ्नै नामको हुनुपर्नेछ ।उल्लेखित अन्य मेशिन कुनै निर्माण कम्पनी वा व्यवसायीसमेतसँग भाडामा लिई आपूर्ति गर्न सक्नेछ । यसरी अन्य व्यवसायी वा फर्मबाट उपकरण भाडामा लिई सेवा दिने भएमा निवेदनसाथ भाडामा लिन/दिन भएको सम्झौता पत्रको प्रतिलिपी संलग्न गर्नुपर्नेछ । यसरी एउटै फर्म वा कम्पनीबाट भाडामा लिएको एउटै उपकरण एक भन्दा बढी निर्माण व्यवसायीले पेश गरेमा दुवै प्रस्ताव अस्वीकृत हुनेछन ।

CamScanner

७. उपकरणका लागि आवश्यक पर्ने इन्धन, मर्मत संभारको खर्च, चालकको पारिश्रमिक तथा खाने बस्ने सबै ब्यबस्था निर्माण व्यवसायी स्वयंले नै गर्नुपर्नेछ। यसका लागि गाउँपालिका समक्ष कुनै दावी गर्न पाइने छैन ।

८. चालक र मेशिनको सुरक्षाको जिम्मेवारी सम्बन्धित निर्माण व्यवसायीको हुनेछ र विपद व्यवस्थापनको कार्य गर्दा कुनै दूर्घटना भई केही मानवीय तथा भौतिक क्षति भएमा सो को सम्पूर्ण जिम्मेवार स्वयं निर्माण व्यवसायी हुने छ ।

९. दररेट पेश गर्ने फर्म तथा व्यवसायीले रु ५०,००० ( अक्षरुपी पचास हजार रुपैयाँ मात्र) बराबरको रकम यस गाउँपालिकाको NIC ASIA बैंक लिमिटेडमा रहेको खाता नं I-1-CA-051-227-85-2405 मा धरौटी जम्मा गर्नुपर्नेछ ।

१०. सबैभन्दा कम दररेट पेश गर्ने फर्म तथा व्यवसायीले रु १,५०,००० (अंक्षरुपी एक लाख पचास रुपैयाँ मात्र) को ४ महिना अवधिको कार्यसम्पादन जमानत राखेपछि मात्र सम्झौता गरिनेछ । निर्माण व्यवसायीले सम्झौता अवधिमा तोकिएको समयमा उपकरण उपलब्ध गराउन नसकेमा वा सन्तोषजनक काम गर्न नसकेमा निजसँग गरिएको यो सम्झौता रद्द गरी कार्यसम्पादन जमानत बापत राखेको रकमबाट बिपद् व्यवस्थापन कार्य गरिने छ ।

११. नियमानुसार सूचना प्रकाशित भएको मितिले १६ औ दिनमा १२ बजे सम्म यस गाउँ कार्यपालिकाको कार्यालयमा दररेट पेश गरी सक्नुपर्नेछ। यसरी दर्ता हुन आएका प्रस्तावपत्र १६ औ दिनको १ बजे प्रस्तावपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। प्रस्तावपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि प्रस्तावपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन। उक्त दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुने छ ।

१२. म्याद नाघी आएको वा रीत नपुगेको वा कुनै शर्त राखी पेश भएको प्रस्तावपत्रलाई मान्यता दिईने छैन ।

१३. प्रस्ताव पेश गर्ने निर्माण व्यवसायीहरुले सबै आइटमको छुट्टाछुट्टै दररेट पेश गर्नुपर्नेछ। न्यूनतम दररेट Backhoe Excavator (Wheeled) with breaker को कबोल दर रेट कायम गरिनेछ

१४. खामबन्दी दररेटसाथ फर्म दर्ताको प्रमाणपत्र, सञ्चालकको नागरिकताको प्रमाणपत्र, स्थायी लेखा दर्ताको प्रमाणपत्र, कर चुक्ताको प्रमाणपत्र र उपकरण सम्वन्धी सम्पूर्ण कागजात अनिवार्य पेश गर्नुपर्ने छ ।

१६. दररेट प्रस्ताव फाराम यस कार्यालयको
वेबसाइट www.https://annapurnamunkaski.gov.np/ बाट download गर्न सकिने ।

१७. यस मापदण्डमा उल्लेखित शर्तहरु यसै बमोजिम र अन्य कुराहरु प्रचलित कानून बमोजिम हुने।

| क्र.स. | विवरण | परिमाण | स्पेशिफिकेशन | अधिकतम दार रेट (VAT बाहेक) |
|---|---|---|---|---|
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| १ | Backhoe Exavator (Wheeled) with breaker | ३ थान | Capacity: 90HP or Above | रु. २५०९ ०० |

## १०) पुराना योजना समावेश र भुक्तानी सम्वन्धमा

प्रस्ताव नं. १० मा छलफल गर्दा आ.व. २०८०।०८१ मा स्विकृत भई कार्यसम्पन्न भएका साथै कार्यसम्पन्न हुन केही बाकी रहेका तपसिल बमोजिमका योजनाहरु यस वर्ष समावेश गरी कार्यसम्पन्न प्राप्त भए पछि भुक्तानी गर्ने निर्णय गरियो ।

| सि.न. | योजनाको नाम | वडा नं | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | धारापानी खानेपानी योजना | १ | २६५०० | |
| २ | मजुवा अधिकारी डाँडा खानेपानी योजना | १ | २०००० | |
| ३ | भलखोला खानेपानी योजना | १ | ६३२०० | |
| ४ | शित गृह निर्माण | २ | २५८३५९२ | |
| ५ | सेराचौर बहुउद्देस्यीय भवन तथा मन्दिर संरक्षण | २ | १८५००० | |
| ६ | नागडाँडा स्वास्थ्य इकाई तथा खोप केन्द्र मर्मत | २ | १३४५०० | |
| ७ | झाकीको थान खानेपानी मुहान मर्मत | ३ | १५५००० | |
| ८ | सल्लेरी आ.वि. झ्याल ढोका तथा छाना मर्मत | ४ | ८०००० | |
| ९ | लान्द्रुक पैयुम संरक्षण | ७ | ४५००० | |
| १० | भुमे आ.वि. पाटेसन तथा राष्ट्रिय चिन्ह रङ्रोगन | ९ | ४०००० | |
| ११ | प्रहरी चौकी नयाँपुल | ५ | ८५०००० | |
| | | | | |

## ११) करार सेवामा कर्मचारी विज्ञापन सम्वन्धमा

प्रस्ताव नं. ११ मा छलफल गर्दा अन्नपुर्ण गाउँपालिका अन्तर्गत वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा कार्यालय सहयोगी आवश्यक परेकोले वडा कार्यालय र स्वास्थ्य संस्था गरी ७ जना कार्यालय सहयोगी राख्ने र सो का लागि विज्ञापन गर्ने निर्णय गरियो ।

CamScanner

## १२) पालिका राष्ट्रिय गान सम्वन्धमा

प्रस्ताव नं. १२ मा छलफल गर्दा अन्नपुर्ण गाउँपालिका को छुट्टै पहिचान बनाउनका लागि पालिका गान र अन्नपुर्ण गाउँपालिकाको पहिचान झल्कने पालिको पहिचान गान निर्माण गर्ने निर्णय गरियो ।

## १३) स्वास्थ्य ल्याव सेवाको शुल्क निर्धारण सम्वन्धमा

प्रस्ताव नं. १३ मा छलफल गर्दा अन्नपुर्ण गाउँपालिकामा रहेको एक मात्र स्वास्थ ल्यावमा तपसिल बमोजिमका सेवाका लागि निम्नानुसार सेवा शुल्क निर्धारण गर्ने निर्णय गरियो ।

| क्रस | सेवाको विवरण | शुल्क | | क्रस | सेवाको विवरण | शुल्क |
|---|---|---|---|---|---|---|
| १ | AFB | नि:शुल्क | | २६ | Blood Sugar R/F/PP | ५० |
| २ | Malaria | नि:शुल्क | | २७ | Blood Urea | १०० |
| ३ | Dengue | नि:शुल्क | | २८ | Serum Creatinine | १०० |
| ४ | ANC | नि:शुल्क | | २९ | Serum Uric Acid | १०० |
| ५ | HB | ५० | | ३० | Serum Calcium | २०० |
| ६ | TC, DC | ५० | | ३१ | Lipid Profile | ६०० |
| ७ | Platelets | ५० | | ३२ | LFT | ५०० |
| ८ | ESR | ५० | | ३३ | Total Cholesterol | २०० |
| ९ | RBC | ५० | | ३४ | Triglyceride | २०० |
| १० | BT/CT | ५० | | ३५ | HDL | १५० |
| ११ | CRP | १५० | | ३६ | LDL | १५० |
| १२ | RA Factor | १५० | | ३७ | VLDL | १५० |
| १३ | ASO | २०० | | ३८ | Serum Bilirubin | १०० |
| १४ | HIV | ३०० | | ३९ | Serum Protein | १३० |
| १५ | HBsAg | २०० | | ४० | Serum Albumin | १०० |
| १६ | VDRL/TPHA | २५० | | ४१ | SGOT/SGPT | २४० |
| १७ | Stool R/E | ५० | | ४२ | ALP | १२५ |
| १८ | Urine R/E | ५० | | ४३ | Serum Amylase | २०० |
| १९ | Bile Salt | १०० | | ४४ | H. Pylori | ६५० |
| २० | Bile Pigment | १०० | | ४५ | Troponin-I | ७०० |
| २१ | Urobilinogen | १०० | | ४६ | Urine Pregnancy Test | ५० |
| २२ | Acetone | १०० | | ४७ | PT/INR | २५० |
| २३ | Occult Blood Test | २०० | | ४८ | HCV | ३०० |

CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २४ | Widal Test | २०० | | ४९ | Blood Grouping | ५० |
| २५ | Monteux | १५० | | | | |

## १४) धरौटी रकम जफत सम्वन्धमा

प्रस्ताव नं. १४ मा छलफल गर्दा अन्नपूर्ण गाउँपालिकामा आ.व. २०७७/७८ को ठेक्का नं. ब्दरधरयर2077/78-01 (Construction of the Kade Bhadaure Salyan Road) काडे भदौरे देखि सल्यान सम्मको बाटो निर्माणका लागि यस कार्यालय र श्री नागार्जुन कन्स्ट्रक्सन प्रा.लि. बिच सम्झौता भई कार्य सम्पन्न भईसकेको अवस्थामा DEFECT LIABILITY PERIOD (DLP) को बेलामा बाटोको केही खण्ड बिग्रन गएको हुँदा सुधार्नका लागि मिति २०७९ श्रावण १ गते र २०८१ असार १० गते लिखित रुपमा र पटक पटक मौखिक रुपमा अवगत गराउँदा पनि बाटो मर्मत निर्माण व्यवसायीले चासो नदेखाएको साथै सडक समेत मर्मत नगरेको हुँदा रिटेन्सन बापतको रकमबाट खर्च गर्ने गरी बाटो मर्मत गर्नु परेको हुँदा रिटेन्सन बापतको धरौटी रकम जफत गर्ने निर्णय गरियो ।

## १५) अन्तराष्ट्रिय आदिवासी दिवस सम्वन्धमा ।

प्रस्ताव नं. १५ मा छलफल गर्दा मिति २०८१ श्रावण २५ गते (अगस्ट ९) शुक्रवार दिन अन्तराष्ट्रिय आदिवासी दिवसको उपलक्ष्यमा बिदा दिने निर्णय गरियो ।

## १६) कार्य सम्पादन सम्झौता पत्र सम्वन्धमा ।

प्रस्ताव नं. १६ मा छलफल गर्दा सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन २०६४ तथा नियमावली २०६५, निजामती सेवा ऐन २०४९ तथा नियमावली २०५०, स्थानीय सरकार सञ्चालन ऐन २०७४ एव नेपाल सरकारद्धारा समय समयमा जारी निर्देशन एँव परिपत्र सहित अक्तिरिक्त काम र प्रविद्धताका लागि प्रमुख प्रशासकिय अधिकृतले गाउँपालिका अध्यक्ष समक्ष कार्य सम्पादन सम्झौता गर्ने निर्णय गरियो ।

## १७) वडा नं २ विभिन्न समस्या सम्वन्धमा

प्रस्ताव नं. १७ मा छलफल गर्दा २ नं वडा कार्यालय बाट मिति २०८१।०४।२२ गते समस्या समाधानका लागि पत्राचार गर्नु भएको पत्रको समाधानका लागि आवश्यक पहल र सहजिकरण गर्ने निर्णय गरियो ।

CamScanner